के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ ३० गते सोमबार ❑ 13 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

श्रमिकका हक, अधिकार कार्यान्वयनमा सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री देउवा

रासस
काठमाडौं, २९ जेठ

प्रधानमन्त्री शेरबहादुर देउवाले कानुनमा व्यवस्था गरिएका श्रमिकका हक, अधिकार कार्यान्वयनमा सरकार प्रतिबद्ध भएर लाग्ने बताउनुभएको छ।

नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहलाई आइतबार यहाँ सम्बोधन गर्नुहुँदै उहाँले योगदानमा आधारित सामाजिक सुरक्षा ऐनलाई पूर्णरूपमा कार्यान्वयन गर्न सरकारले कुनै कसर बाँकी नराख्नेमा जोड दिनुभयो । सामाजिक सुरक्षामा निजी तथा अनौपचारिक र वैदेशिक रोजगारीमा सहभागी भएकालाई पनि समावेश गरिने प्रधानमन्त्री देउवाको भनाइ छ।

"श्रमिकका हक, अधिकार संरक्षणका लागि नेपाल ट्रेड युनियन कांग्रेसले उठाएका सबै माग पूरा गर्न अहिले कांग्रेसको एकल सरकार होइन, गठबन्धनमा सहमति जुटेअनुसार श्रमिकलाई हक, अधिकार दिन कन्जुस्याइँ गरिँदैन, कर्मचारीको तलब वृद्धि, ज्येष्ठ नागरिकलाई ६८ वर्षमै सामाजिक सुरक्षा भत्ताले पनि श्रमिकलाई हक, अधिकारका लागि सहयोग गरेको छ", उहाँले भन्नुभयो।

श्रम बजारलाई चलायमान बनाउन सबै पक्षले मिलेर काम गर्नुपर्नेमा प्रधानमन्त्री देउवाको जोड थियो । खोपले कोभिड नियन्त्रणमा आए पनि रुस र युक्रेनबीचको युद्धले औद्योगिक क्षेत्र प्रभावित हुँदा श्रमिक वर्गलाई परेको प्रभाव अन्त्य गर्दै रोजगारी सिर्जनामा सरकारले काम गर्ने उहाँको वाचा थियो। नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्यले यसअघि प्रधानमन्त्री देउवाकै कार्यकाल विसं २०७४ मा आएको श्रम ऐन कार्यान्वयनमा ढिलाइ भएको उल्लेख गर्नुहुँदै देउवाकै अहिलेको कार्यकालमा त्यसको पूर्ण कार्यान्वन गर्न माग गर्नुभयो। "पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालमा तामझामका साथ नयाँ युगको सुरुआत भन्दै प्रत्येक विद्युत्का पोलमा विज्ञापन गरेर सामाजिक सुरक्षा कार्यान्वयन सुरु गरिएको दाबी गरे पनि केही हुन सकेन, चार वर्षमा नभएको काम अब केही समयमै गरेर देखाउन प्रधामन्त्री देउवासमक्ष अनुरोध गरेका छौँ", उहाँले भन्नुभयो । सातै प्रदेशमा श्रम अदालत स्थापना गरी साना-साना कामका लागि श्रमिकलाई केन्द्रीय राजधानीमै आउनुपर्ने बाध्यता अन्त्य गर्न पनि अध्यक्ष आचार्यले सरकारको ध्यानाकर्षण गराउनुभयो । तीनै तहबीच श्रमिकलाई समन्वय गर्ने ढाँचा विकास गर्न पनि नेपाल ट्रेड युनियन कांग्रेसले अनुरोध गरेको छ।

आयोजक संस्थाका वरिष्ठ उपाध्यक्ष महेन्द्रप्रसाद यादवले अन्तरिम संविधान, २०६३ मा उल्लेख भएको श्रम आयोग संविधानसभाबाट बनेको २०७२ को संविधानमा छुट्नु दुःखद् भएको बताउनुभयो। कांग्रेसको विधानमा पनि श्रमिकका विषयमा उल्लेख गरेर सम्मान गर्न पनि उहाँले अनुरोध गर्नुभयो । विसं २०३३ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगर जुट मिलमा कार्यरत श्रमिकले नेपाल ट्रेड युनियन कांग्रेसको स्थापना भएको थियो । स्थापनाकालदेखि नै नेपाल ट्रेड युनियन कांग्रेसले श्रमिकका हक, अधिकारका साथै प्रजातन्त्र स्थापनाका लागि आन्दोलन गरेको थियो। दुई दिनसम्म चल्ने सम्मेलनमा ७७ वटै जिल्लाका करिब दुई हजार प्रतिनिधिको उपस्थिति रहेको आयोजक समितिका सदस्य इन्द्रमणि उप्रेतीले राससलाई जानकारी दिनुभयो । सम्मेलनले नेपाल ट्रेड युनियन कांग्रेसको आगामी नीति तथा कार्यक्रममाथि छलफलसहित पारित गर्ने कार्यक्रम रहेको जनाइएको छ।

जनप्रतिनिधिको गुनासो नआउने गरी काम गर्नुहोस् : उपसभापति खड्का

पोखरापत्र संवाददाता
बागलुङ, २९ जेठ

नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले जनप्रतिनिधिहरूले जनताको गुनासो नआउने गरी काम गर्नुपर्ने बताउनुभएको छ।

आइतबार बागलुङमा कांग्रेस बागलुङले आयोजना गरेको स्थानीय तहको निर्वाचनमा कांग्रेसबाट विजयी जनप्रतिनिधिलाई बधाई तथा प्रशिक्षणमा उपसभापती खड्काले जनताबाट चुनिएका जनप्रतिनिधिले जनतालाई निराश नबनाउने गरी काम गरे मात्रै आगामी दिनमा पुनः जनताले जिताउने बताउनुभयो।

"जनप्रतिनिधि जनताको सेवक हो, भेदभाव नगरी सेवा दिएमा कांग्रेसलाई भोट नदिनेले दिन थाल्छन्", खड्काले भन्नुभयो, "सत्तामा पुगेपछि जनताका कुरा नसुन्ने, सेवा दिनुको सट्टा दुःख दिने हो भने कांग्रेसलाई भोट दिएका रिसाउँछन्, त्यसैले जनप्रतिनिधिको काँधमा पार्टी रहेको हुन्छ, जनताको हितमा जनप्रतिनिधिले काम गरौँ।" उहाँले जनप्रतिनिधि भएपछि राजनीतिक भेद्भाव नगरी जनतालाई सेवा दिन सके आगामी दिनमा जनतालाई भोट माग्नै नपर्ने बताउनुभयो।

राजनीतिक सहयोग विना जनप्रतिनिधिले काम गर्न नसक्ने भन्दै खड्काले जनप्रतिनिधलाई हाम्रो सहयोग हुने र जनताले जस्तो भरोसाका साथ मतदान गरे जनप्रतिनिधिले त्यस्तै सेवा गर्नुपर्ने बताउनुभयो। कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले स्थानीय तहमा गठबन्धनबाट कांग्रेसलाई भन्दा बढी माओवादीलाई बढी फाइदा पुगेको तर्क गर्नुभयो।

चापाकोट आँप र लिची जोन

पोखरापत्र संवाददाता
स्याङजा, २९ जेठ

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत स्याङ्जाको चापाकोट नगरपालिकालाई 'आँप/लिची जोन' निर्धारण गरी परियोजना सञ्चालन गरिएको छ।

विसं २०७८/७९ मा चापाकोटका १० वडा र गल्याङ नगरका केही वडालाई समेटेर आँप/लिची जोन निर्धारण गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना स्याङ्जाका प्राविधिक इन्द्र सुवेदीले जानकारी दिनुभयो। कालीगण्डकी नदीको किनारमा रहेको समथर भूभाग आँप र लिची खेतीका लागि उपयुक्त हावापानी रहेकाले उक्त ठाउँलाई आँप/लिचीको जोन निर्धारण गरी कार्यक्रम अगाडि बढाइएको उहाँले बताउनुभयो।

"कालीगण्डकीको किनारमा रहेका चापाकोट र गल्याङ नगरका वडालाई समेटेर आँप/लिची जोन बनाएर काम अगाडि बढाएका छौँ", उहाँले भन्नुभयो, "यो ठाउँको हावापानी तथा माटो आँप र लिचीका लागि उपयुक्त हुनुका साथै यहाँको किसानको माग पनि आँप र लिची नै रहेको छ।" यस ठाउँमा पहिलेदेखि नै स्थानीय रैथाने जातका आँपका बगैँचा रहे पनि ती बगैँचा व्यवस्थित नभएकाले हुँदा बगैँचा व्यवस्थापनमा विशेष ध्यान दिइने उहाँले बताउनुभयो। "रैथाने जातका आँपका बोट ठूला र अग्ला हुने भएकाले काँटछाँट तथा रोगब्याधि लाग्दा कीटनाशक औषधिको प्रयोग गर्न कठिनाइ हुने रैछ", उहाँले भन्नुभयो, "जोन सञ्चालनमा आएसँगै अब उन्नत जातको 'आम्रपाली' आँपको बिरुवा तथा लिचीका बिरुवा लगाइने छ।"

रोगब्याधिको उपचार कसरी गर्ने, खाद्यतत्वको व्यवस्थापन, मलखादको व्यवस्थापनसँगै बगैँचा व्यवस्थापनमा काम गरिने भएको हो । चापाकोटमा आँप/लिची जोन परियोजना सञ्चालनका लागि स्थानीयस्तरमा जोन सञ्चालन समन्वय समिति

बाँकी अन्तिम पृष्ठमा ▶▶

प्रधानमन्त्रीको अमेरिका भ्रमणबारे संसद्‌लाई जानकारी गराउन माग

रासस
काठमाडौं, २९ जेठ

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) ले प्रधानमन्त्रीको आसन्न अमेरिका भ्रमणबारे संसद्‌लाई जानकारी गराउन माग गरेको छ।

सङ्घीय संसद्, प्रतिनिधिसभाको आजको बैठकमा समय माग गरी एमालेका सांसद प्रदीपकुमार ज्ञवालीले प्रधानमन्त्रीको अमेरिका भ्रमणबारे दुई दिनअघि सदनमा सत्ता गठबन्धन पार्टीका एक प्रमुख सचेतकले प्रधानमन्त्रीको आसन्न भ्रमणको विषयलाई लिएर प्रश्न उठाउनुभएको सन्दर्भ उल्लेख गर्दै त्यसबारे संसद्‌लाई जानकारी गराउनुपर्ने माग गर्नुभयो। उहाँले भन्नुभयो, "संसदीय व्यवस्थामा प्रमुख प्रतिपक्ष दलको आवाजलाई आधिकारिकता मानिन्छ, सत्तापक्षकै सचेतकले प्रधानमन्त्रीको भ्रमण सम्बन्धमा प्रश्न गरेको विषय सामान्य विषय होइन, त्यसका बारेमा प्रधानमन्त्रीले नै संसद्‌लाई जानकारी दिनुपर्छ।"

पोखरा उद्योग वाणिज्य संघको महाधिवेशन भदौमा

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पोखरा उद्योग वाणिज्य संघको ३४ औं महाधिवेशनको मिति तय भएको छ।

संघका अध्यक्ष नारायण कोइरालाको अध्यक्षतामा आइतबार सम्पन्न बोर्ड बैठकले आउँदो भदौ २४ र २५ गते महाधिवेशन गर्ने निर्णय गरेको हो।

महाधिवेशनले आउँदो २ वर्षको लागि अध्यक्ष र पदाधिकारीसहित नयाँ कार्यसमिति चयन गर्नेछ। संघका महासचिव सुरेन्द्रमान विजुक्छेका अनुसार महाधिवेशनअन्तर्गतको निर्वाचन कार्यक्रम सम्पन्न गर्नको लागि संघका पूर्वअध्यक्ष तथा सल्लाहकार दिपक श्रेष्ठको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको छ । चुनावले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उद्योग र वाणिज्यतर्फका २ उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, उपमहासचिवसहित २९ सदस्यीय कार्यसमिति चयन गर्नेछ । निवर्तमान अध्यक्ष कार्यसमितिको पदेन सदस्य हुने व्यवस्था रहेको छ। संघको कार्यसमिति सदस्यमा खुलातर्फ १०, कर्पोरेट २ जना, औद्योगिकबाट १ जना तथा बस्तुगतबाट ४ सदस्य हुने व्यवस्था छ । ४ जना सदस्य अध्यक्षले मनोनित गर्ने विधानमा उल्लेख छ। असार मसान्तसम्म सदस्यता नवीकरण गरेका सदस्यहरुले मतदान प्रक्रियामा सहभागी हुन पाउने छन्।

Sujal
सफल दही एकदम सही
मेरो परिवारको स्वास्थ्यको लागि, स्वाद र पौष्टिकताले भरिएको सफल दही, एकदम सही।
PROTEIN
CALCIUM
3 Vital Nutrients
VITAMINS
Safal Dahi
सफल दही
Safal Yoghurt
1Ltr. when packed
शुद्ध र ताजा
SUJAL DAIRY PVT. LTD.

स्याङ्‌जाका मुख्य तीन सडकलाई १४ करोड

प्रकाश डोटेल

स्याङ्‌जा, २९ जेठ

स्याङ्‌जाका प्रमुख तीन सडकलाई सरकारले १४ करोड बजेट विनियोजन गरेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत सरकारले आर्थिक वर्ष २०७९/०८० का लागि नयाँ दुई सडक निर्माण गर्न र राजमार्ग मर्मत सम्भारका लागि सरकारले उक्त बजेट विनियोजन गरेको हो।

२०५१/०५२ मा नयाँ ट्राक खोलेर संचालित जगतभञ्ज्याङ-केँवरे, चापाकोट-गजरकोट सडकखण्ड निर्माण गर्न ५ करोड र २०४९/०५० देखि संचालनमा आएको सेतिदोभान-आरुचौर घण्टेदेउराली सडकलाई ४ करोड रुपैयाँ विनियोजन गरिएको छ। मन्त्रालयलेराम्दीदेखिपोखरासम्म झण्डै १ सय किलोमिटर सडक मर्मत सम्भारका लागि ५ करोड विनियोजन गरेको छ। स्याङ्जा र तनहुँका स्थानीय प्रत्यक्ष लाभान्वित हुने जगतभञ्ज्याङ् गजरकोट सडक खण्डको करिब ६० प्रतिशत काम सकिएको छ। वालिङको मिर्दिदेखि चापाकोटसम्म १९ किलोमिटर सडक कालोपत्रे गरिएको छ भने झण्डै १० किलोमिटर सडक कालोपत्रे भएपछि तनहुँको घिरिङ् गाउँपालिका जोडिने छ। सडक कालोपत्रेपछि पालिका केन्द्र र दुई जिल्ला सिद्धार्थ राजमार्गसँग जोडिने छन्। सडक निर्माण सम्पन्नपछि बुटवलबाट सिद्धार्थ राजमार्गबाट स्याङ्जा पोखरा हुँदै काठमाडौं जाने सवारीलाई छोटो र सहज हुने भएको छ। बुटवलबाट वालिङ चापाकोट हुँदै भिमाद भएर पृथ्वी राजमार्ग निस्कन सकिन्छ। राजमार्गको झण्डै ३० किलोमिटर यात्रा छोट्टिने छ। मन्त्रालयको राजमार्ग स्तरउन्नती तथा पूर्नस्थापना कार्यक्रम अन्तर्गतको सेतिदोभान घण्टेदेउराली सडक खण्डको झण्डै ३० प्रतिशत कालोपत्रे गरी सकिएको छ। स्याङ्जा र पर्वत दुई जिल्ला जोडने सडकमा ४ करोड बजेट विनियोजन भएपछि त्यस आसपासका स्थानीय रोजगारीसँग जोडिनेमा विश्वस्त छन्। स्थानीय स्तरमा उत्पादित वस्तु पोखरा निकासीका लागि सहज हुनेछ।

राजमार्गको स्तरउन्नतीका लागि राम्दीदेखि पोखरासम्मको झण्डै सय किलोमिटर सडकका लागि ५ करोड विनियोजन भएको छ। आवश्यक मर्मत सम्भारको अभाबमा सडकको खाल्डाखोल्डीमा यात्रा गर्न बाध्य यात्रुले बजेट विनियोजनपछि राहत महशुस गरेका छन्। प्राप्त बजेटलाई तत्कालिन मर्मत सम्भारमा लगाउँन राजमार्ग आसपासका स्थानीयले आग्रह गरेका छन्। यता भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले प्रदेश राजधानी जोड्ने सिद्धार्थ राजमार्गको बुटवल पोखरा खण्ड मर्मत सम्भारका लागि ६१ करोड ४४ लाख बजेट विनियोजन गरेको छ। आर्थिक वर्ष २०७९/०८० मा राजमार्गका घुम्ती कटान र मर्मत सम्भारका ठूला काम सम्पन्न गर्ने उद्देश्यले बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ।

जनप्रियले संझियो गणेशमान पालिखेलाई

पोखरापत्र संवाददाता

पोखरा, २९ जेठ

मानित विश्वविद्यालयतर्फ उन्मुख जनप्रिय बहुमुखी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको १७ औं स्मृति दिवसका सन्दर्भमा वक्ताहरूले उनको योगदानको कदर गर्दै लामो समयसम्म संझनालायक काम गर्नुपर्ने बताए। जनप्रिय बहुमुखी क्याम्पसद्वारा आयोजित स्मृति दिवसमा गणेशमान पालिखेकी धर्मपत्नी गङ्गादेवी पालिखेले रक्तचन्दनको वृक्ष रोपी कार्यक्रमको उद्घाटन गरिन। गंगादेवीले पति गणेशमानको संझनामा परिवारका तर्फबाट ४ लाखरूपैयाँकोअक्षयकोष स्थापनाको घोषणा गरेकी छन्। उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र कर्मचारीलाई पुरस्कृत गर्ने उद्धेश्यले हेरक वर्ष पालिखेको स्मृति दिवसका अवसरमा प्रदान गर्ने गरी अक्षय कोष स्थापना गरिएको हो। निमित्त क्याम्पस प्रमुख कृष्णबाबु बरालले जनप्रिय क्याम्पसलाई मानित विश्वविद्यालयको प्रारूप बनाउन र विकासमा योगदान दिएको चर्चा गरे। वि.सं. २०६० सालमा त्रिभुवन विश्वविद्यालयको विविए कार्यक्रम उपत्यका बाहिर पहिलो पटक जनप्रिय क्याम्पसमा ल्याएका पालिखेले यसलाई गुणस्तरीय बनाउन सक्रिय रहेका थिए। विविएको उत्कृष्ट नजिताले नै जनप्रियलाई थप लोकप्रिय बनाएको बराललले बताए। समुदायले स्थापना गरेको क्याम्पसमा समुदायले दिएको जिम्मेवारी पालिखेले आफ्नो भौतिक शरीर रहँदासम्म इमान्दारितापूर्वक बहन गरे। उनमा नेतृत्व क्षमता र कार्य दक्षता थियो भन्ने पुष्टी गरेका थिए। विश्वविद्यालय अनुदान आयोगबाट दुई पटकसम्म गुण मापन तथा प्रत्ययानको प्रमाणपत्र पाउन र शिक्षा मन्त्रालयबाट दुई पटक मुलुक भरिका सामुदायिक क्याम्पस मध्ये उत्कृष्ट पुरस्कार प्राप्त गर्न सफल क्याम्पसको मेरुदण्डका रूपमा पालिखेले खेलेको भूमिका स्मरण गर्न लायक छ। २०६२ जेठ २९ गते तत्कालीन विद्रोही समूहले गणेशमान पालिखेलाई उनकै निवास अगाडि नागढुङ्मा गोली हानी हत्या गरेको थियो। शिक्षामै सहादत प्राप्त गरेका कारण सरकारले उनलाई शैक्षिक सहिद घोषणा गरेको हो। कास्की जिल्लाबाट २०२२ सालमा एम कम पास गर्ने उनी पहिलो व्यक्ति हुन। २०२३ सालमा पश्चिम जर्मनीबाट औद्योगिक व्यवस्थापनमा स्नातक गरेका पालिखेले २०३० देखि २०३२ सालमा पृथ्वीनारायण क्याम्पसको प्रमुख भएर काम गरेका थिए। २०४६ सालमा स्वेच्छिक अवकाश लिए पछि उद्योगमा होमिएका पालिखेलाई जनस्तरबाट स्थापित जनप्रिय बहुमुखी क्याम्पसको संस्थापक क्याम्पस प्रमुखका लागि प्रस्ताव गरेपछि १४ वर्ष निरन्तर क्याम्पस हाँकेका थिए। पब्लिक क्याम्पस प्राध्यापक संघ, नेपाल राष्ट्रिय प्राध्यापक संगठन, प्रगतिशील प्राध्यापक संगठन, प्रजातान्त्रिक प्राध्यापक संघ, कर्मचारी संघ जनप्रिय इकाइ, स्वतन्त्र विद्यार्थी युनियन लगायत प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूले पालिखेले जस्तै क्याम्पसलाई केन्द्रमा राखेर काम गर्नुपर्ने विचार राखेका थिए। स्वर्गीय पालिखेको संझनामा विविए तथा पुस्तकालय भवनलाई गणेशमान पालिखे स्मृति भवन नामाकरण यसअघि नै गरिएको जानकारी प्रशासक महादेवकुमार पालिखे जानकारी दिए।

जिसस स्याङ्‌जाको प्रमुखमा जि.टी. निर्विरोध

पोखरापत्र संवाददाता

स्याङ्‌जा, २९ जेठ

जिल्ला समन्वय समिति स्याङ्जाको प्रमुखमा श्रीप्रसाद जि.टी. निर्विरोध निर्वाचित भएका छन्।

समन्वय प्रमुखमा नेपाली काँग्रेसका नेता जि.टी.को मात्रै उम्मेदवारी परेपछि उनी निर्विरोध निर्वाचित भएका हुन्।

गोलाप्रथाबाट काँग्रेसले प्रमुख सहित ४ सदस्य र एमालेले उपप्रमुख सहित ५ सदस्य लिने भागबण्डा भएको थियो। जिल्लाका ११ स्थानीय तहको प्रमुख र उपप्रमुखमा काँग्रेस र एमालेले ११/११ स्थानमा जित हात पारेपछि समन्वयको नेतृत्वमा गोलाप्रथाबाट भागबण्डा भएको हो। काँग्रेसबाट प्रमुखमा पुतलीबजार नगरपालिकाका जि.टी र सदस्यमा पुतलीबजारकै नेमबहादुर राना, वालिङका सरस्वती बगाले र चापाकोटका गिता खाँण निर्वाचित भएका छन्। जि.टी. राजाको प्रत्यक्ष शासन काल (शाहि शासन) मा जिल्ला विकास समितिको सभापति थिए। एमालेबाट समन्वय समितिको उपप्रमुखमा पुतलीबजारका खड्कराज सुबेदी, सदस्यमा हरिनासका कृष्णप्रसाद सबेदी, कालीगण्डकीका भोजबहादुर दर्लामी, फेदीखोलाका निरमाया पराजुली र चापाकोटका निर्मला सार्की निर्वाचित भएका छन्। जिल्ला समन्वय समिति स्याङ्जा ९ सदस्यीय बनेको छ।

काँग्रेस स्याङ्जाका पूर्व सभापतिसमेत रहेका जि.टी. नेबिसंघ स्याङ्जाका संस्थापक सभापति समेत हुन। प्रजातन्त्र स्थापनाका लागि पटक-पटक जेल जीवन बिताएका जि.टी. काँग्रेसका संस्थापक नेता वी.पी. कोइरालासँगै मुद्दा समेत खेपेका थिए।

डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।
यसका लक्षणहरू;
◆दुःखी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
◆निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
◆कुनै पनि कुरामा खुशी नहुनु,
◆जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
◆आत्महत्यासम्मको विचार आउनु,
यसबाट बच्न,
◆परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
◆नियमित रुपमा शारिरिक अभ्यास, योग तथा ध्यान गर्ने,
◆निश्चित समयमा सुत्ने र उठ्ने,
◆स्वस्थ र सन्तुलित खाना खाने,
◆धुम्रपान र मदिरापानजस्ता कुलतबाट टाढा रहने,
◆बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
◆केही समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।
नेपाल सरकार
विज्ञापन बोर्ड

चापाकोट...

निर्माण गरिएको छ।

जोन परियोजनाअन्तर्गत प्राविधिकको सहयोगमा अहिले पुराना आँपका बगैँचामा कीटनाशक औषधि छर्कने काम भइरहेको जोन सञ्चालक समितिका संयोजक विश्वास पुरीले बताउनुभयो। "अहिले फलेका आँपमा रोगकीरा नलागोस् भनेर कीटनाशक विषादी छर्केका छौँ", उहाँले भन्नुभयो, "यसका अलावा नयाँ बिरुवा लगाउन खाडल खन्नेक्रम जारी रहेको छ।" विशेष गरी प्रमुख कृषि उपजको विशिष्टकृत क्षेत्र निर्माण गर्ने, निर्यातयोग्य कृषि वस्तुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रूपमा विकास गर्दै रोजागारीका अवसर सिर्जना गर्ने र बहुसरोकारवाला निकायबीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवाप्रवाहको सुनिश्चितता गर्ने मुख्य उद्देश्यले परियोजना सञ्चालन गरिएको हो।

विसं २०७३ साउनदेखि सुरु भएको परियोजना २०८२ असारसम्म १० वर्ष सञ्चालन हुने भएको हो। दश वर्षसम्म सञ्चालन हुने परियोजना अवधिभर कूल रु एक खर्ब ३० अर्ब ७४ करोड २० लाख लाग्ने अनुमान छ।

आँबुखैरेनी खण्ड अवरुद्ध गरी भित्ता काटिँदै

पोखरापत्र संवाददाता

दमौली, २९ जेठ

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी खण्डको सडक भासिएको ठाउँमा भित्ता काट्ने कामलाई निरन्तरता दिइएको छ।

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-४ पावर हाउस नजिक सडक भासिएको ठाउँमा कुनापट्टि भित्ता खन्ने कामलाई आइतबार पनि निरन्तरता दिइएको छ।

केही दिनदेखि परेको वर्षाका कारण शुक्रबार बिहान सडक भासिएपछि उक्त खण्डमा एकतर्फी मात्रै यातायात सञ्चालन हुँदै आएको छ। सडक डिभिजन कार्यालय दमौलीले अहिले साँझ ५ बजेदेखि यातायात बन्द गरी सडक खन्ने काम गरिरहेको इलाका प्रहरी कार्यालय आँबुखैरेनीले जनाएको छ। "५ बजेदेखि यातायात बन्द गरेर काम सुरु भएको छ। करिब दुई घण्टासम्म काम जारी रहँदा यातायात अवरुद्ध हुन्छ", इलाका प्रहरी कार्यालय आँबुखैरेनीका प्रहरी निरीक्षक नीरज डाँगीले भन्नुभयो। सडक डिभिजनले बिहानको समयमा ८ बजेदेखि काम सुरु गर्दा केही बेर सडक अवरुद्ध हुने गरेको छ। आज बिहान पनि ११ बजेसम्म सडक अवरुद्ध गरी काम गरिएको छ। काम नगरेको बेला एकतर्फी रूपमा यातायात सञ्चालनको व्यवस्था मिलाइएको छ।

सडक भासिएर एकतर्फी यातायात सञ्चालन हुँदा सवारीको चापले गर्दा जाम हुने गरेको छ। उक्त सडक भासिएर कार र मोटरसाइकल खस्दा दुईको मृत्यु भएको थियो।

तनहुँको चुँदीखोलामा डुबेर दुई जनाको मृत्यु

पोखरापत्र संवाददाता

दमौली, २९ जेठ

तनहुँको भानु नगरपालिका-२ स्थित चुँदीखोलामा डुबेर आइतबार दुई जनाको मृत्यु भएको छ। चुँदी खोलामा माछा मार्दै पौडी खेल्ने क्रममा उनीहरूको ज्यान गएको हो। मृत्यु हुनेमा भानु नगरपालिका-२ का ३५ वर्षीय धनबहादुर गुरुङ र सोही ठाउँका २२ वर्षीय सागर गुरुङ रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो।

घटनालगत्तै इलाका प्रहरी कार्यालय भानुबाट खटिएको प्रहरी टोली र स्थानीयवासीले खोलाबाट शव निकालेका थिए।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (वाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

सम्पादकीय

बन्द संस्कृतिलाई निरुत्साहित गर

सत्तारुढ नेपाली काङ्ग्रेसको भातृ संगठन नेविसंघले त्रिभुवन विश्वविद्यालयको उपकुलपति कार्यालयमा करिब पाँच महिनाअघि लागेको ताला आइतबारदेखि खुलेको छ। विभिन्न माग राख्दै नेपाली कांग्रेसको विद्यार्थी संगठनले माघ ६ गते र आंशिक प्राध्यापकहरुले माघ २१ गते उपकुलपति, रेक्टर र रजिस्ट्रारको कार्यालयमा ताला लगाएका थिए। सरकारले त्रिभुवन विश्वविद्यालयमा लगाइएको ताला खुलाउन चासो नदिएका कारण समस्या बल्झेको हो।

नेपाल विद्यार्थी संघले शुक्रबार ताला खोलेको हो भने आंशिक प्राध्यापक केन्द्रीय संघर्ष समितिले आइतबार ताला खोलेका हुन्। योसँगै करिब १४० दिन भन्दा बढी समयदेखि बन्द रहेको विश्वविद्यालयको प्रशासनिक कामहरु नियमित हुने भएको छ।आबफ वातावरणलाई विगार्नेतिर लाग्नु हुँदैन। त्रिभुवन विश्वविद्यालय देखि सरकारी कार्यालय सुधार भएको छैन।

आंशिक प्राध्यापकको ताला खोल्न आइतबार विश्वविद्यालयको वार्ता समिति र आंशिक प्राध्यापक केन्द्रीय संघर्ष समितिबीच ६ बुँदे सहमति भएको छ। स्वतः स्थायी नेपाल विद्यार्थी संघले भने त्रिविका उपकुलपतिसमेत रहेका प्रधानमन्त्रीसँग सहमति भए अनुसार ताला खोलेको जनाएको छ। त्रिविको वार्ता टोली र आंशिक प्राध्यापक केन्द्रीय संघर्ष समितिबीच २०७८ मंसिर ८ गतेसम्म त्रिविमा कार्यरत आंशिक शिक्षकलाई करार गर्न मन्त्रिपरिषदले स्वीकृत गरेको १४२९ कोटा कार्यान्वयन गर्न सरकारसँग आवश्यक बजेटको लागि १५ दिनभित्र पहल गर्ने सहमति भएको छ। चुनावको मुखमा सरकारको जे पनि गर्न हुन्छ भन्ने नाङ्गो नाच हो।

सरकारले विश्वविद्यालयलाई जुन मात्रामा सहयोग गर्नुपर्नेमा काङ्ग्रेसी पदाधिकारी नहुने बित्तिकै हायल कायल बनाएर छोड्नुपर्ने अवस्था सृजना हुन थालेको छ। कानुनको शासनलाई कसैका अनादर गर्नु हुदैन। अब सनकको भरमा तालाबन्दी हुने अवस्था आउन नदिन सरकार, विद्यार्थी संगठन र नागरिक समाजको खबरदारी जरुरी छ।

तपाईंको आज

मेष : झमेला बढ्ने
वृष : कार्यमा सफलता
मिथुन : सहयोग मिल्नेछ
कर्कट : सत्कार मिल्नेछ
सिंह : सम्मान मिल्नेछ
कन्या : अप्रत्यसित लाभ
तुला : आर्थिक समस्या
वृश्चिक : मन चञ्चल
धनु : मानसिक तनाब
मकर : शारीरिक झमेला
कुम्भ : ब्यापारमा लाभ
मीन : शत्रुको भय

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

चितुवाको आक्रमणबाट बालिका घाइते

पोखरापत्र संवाददाता
दमौली, २९ जेठ

चितुवाको आक्रमणबाट तनहुँको बन्दीपुर गाउँपालिका-४ टावरमा शनिबार साँझ एक बालिका घाइते भएकी छिन्। घाइते हुनेमा आठ वर्षीया रियाना थापा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

घाइते बालिकाको डुम्रेस्थित मोती मेडिकल कलेजमा उपचार भइरहेको छ। चितुवाको दुईवटा नङ्ग्राले बालिकाको घाँटीमा चिथोरेको बन्दीपुर गाउँपालिकाका निवर्तमान अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो। घाइते बालिकाको अवस्था खतरामुक्त रहेको उहाँले बताउनुभयो। मेडिकलका डा महेश विक नेतृत्वमा बालिकाको उपचार गरिएको छ। बुवाआमा बजारबाट घर जाँदै गर्दा आएको देखेर बालिका घरबाहिर निस्किएकी थिइन्। त्यही बेला चितुवाले आक्रमण गरेको र बुवाआमा दौडिएर आउनेबित्तिकै चितुवा भागेको जनाइएको छ। पछिल्लो केही वर्षयता जिल्लाका विभिन्न पालिकामा चितुवाको आतङ्क छ।

पोखरा र पाल्पा उद्योग वाणिज्य संघबीच सहकार्यको सहमति

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पोखरा र पाल्पा उद्योग वाणिज्य संघबीच पर्यटन र व्यावसायिक क्षेत्रमा सहकार्य गर्ने सहमति बनेको छ। दुबै उद्योग वाणिज्य संघले निजी क्षेत्रका साझा एजेण्डा तय गर्दै अगाडि बढ्ने प्रतिवद्धता पनि व्यक्त गरेका छन्।

जिल्ला नगर उद्योग वाणिज्य संघको अवलोकन भ्रमणको क्रममा आइतबार पोखरा आइपुगेको पाल्पा उद्योग वाणिज्य संघ र पोखरा उद्योग वाणिज्य संघबीच भएको अन्तर्क्रियाको क्रममा सो सहमति बनेको हो। पहाडकी रानी भनेर चिनिने पाल्पा र पर्यटनको राजधानी पोखराका व्यवसायीहरुबीचको सहकार्यले यो क्षेत्रको आर्थिक समृद्धिमा टेवा पुग्ने अन्तर्क्रियाको निष्कर्षौल छ। सो अवसरमा पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष नारायण कोइरालाले निजी क्षेत्रलाई फुटाउने र मानमर्दन गर्ने प्रवृत्तिका विरुद्ध साझा अभियान चलाउनुपर्ने बताए। उनले आवश्यक पर्दा उद्योगी/व्यवसायीहरुको साथ र सहयोग खोज्ने तर अरु बेला विभिन्न बहानामा दुःख दिने प्रशासनिक रवैया गलत भएको धारणा राखे। आर्थिक मुद्दाहरुमा जनप्रतिनिधिहरुसँग सहकार्य गर्न उद्योग वाणिज्य संघ सदैव तयार रहेको बताउँदै उनले भने,'नाकामा सामानको अनुगमन नगर्ने अनि बेला न कुबेला बजार अनुगमनको नाममा दुःख दिने प्रवृत्ति ठीक हैन। हामीले गरिखाने वातावरण माग गरेका हौँ,व्यवसायीले कर त तिरिहाल्ल्छन्।'

पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष राजु महर्जनले उद्योग वाणिज्य संघहरुले पूर्वाधारदेखि आर्थिक उत्थानका विभिन्न कार्यमा ठूलो योगदान गरे पनि स्थानीय सरकारले त्यो भूमिकाको कदर नगरेको गुनासो गरे। उनले नेपाल उद्योग वाणिज्य महासंघले पनि जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुको समस्या समाधानमा ध्यान नदिएको आरोप लगाए। नेपाल उद्योग वाणिज्य महासंघ ठूला घरानाको लागिमात्रै भएको उनको गुनासो थियो।

पाल्पाका पूर्वअध्यक्ष तथा सल्लाहकार परिषदका संयोजक मधुदयाल सैंजुले व्यावसायिक वातावरण निर्माणको लागि स्थानीय सरकारहरुले ध्यान दिनुपर्ने बताए। पाल्पाकै निवर्तमान अध्यक्ष मोहनप्रसाद श्रेष्ठले सरकारले नागरिकलाई कर तिर्ने हैसियतको बनाउनुपर्ने र त्यसको लागि उद्यमशीलताको विकास गर्नुपर्ने तर्क गरे।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापतिले वर्षौंसम्म जनप्रतिनिधि नहुँदा उद्योग वाणिज्य संघहरुले खेलेको भूमिकाको कदर गर्न जनप्रतिनिधिहरुसँग आग्रह गरे। संघका महासचिव सुरेन्द्रमान विजुक्छेले राजनीतिक नेतृत्वले व्यावसायिक वातावरण निर्माणलाई मुख्य एजेण्डा बनाउनुपर्नेमा जोड दिए।

प्रदेशस्तरीय किशोरी सम्मेलन : ११ बुँदे घोषणापत्र जारी

पोखरापत्र संवाददाता
म्याग्दी, २९ जेठ

बालअधिकारका संरक्षण, बालविवाह, यौनजन्य हिंसा न्यूनीकरण र महिनावारी स्वच्छता कायम गर्ने लगायत किशोरीको शिक्षा, स्वास्थ्य र सुरक्षाका विषयमा ११ बुँदे घोषणापत्र जारी गर्दै गण्डकी प्रदेशस्तरीय किशोरी सम्मेलन म्याग्दीको बेनीमा सम्पन्न भएको छ।

'गर्ल्स फस्ट फन्ड' को आर्थिक सहयोग र धवलागिरि गाउँपालिकाको समन्वयमा संगम म्याग्दीको आयोजनामा म्याग्दी, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, लमजुङका १०० जनाभन्दा बढी किशोरी सहभागी सम्मेलन शनिबार सम्पन्न भएको हो। शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग समस्याको पहिचान गरी समाधानका लागि सरोकारवालाको ध्यानाकर्षण गराउन घोषणपत्र जारी गरिएको जिल्लास्तरीय किशोरी सञ्जालकी अध्यक्ष नरदेवी विकले जानकारी दिनुभयो। किशोर अवस्थामा बिवाह गर्दा हुने असर तथा हानीका बारेमा समुदायस्तरमा सचेतना फैलाउने, २० वर्ष पुगेपछि मात्र विवाह गर्ने, २० वर्षभन्दा कम उमेरमा विवाह हुन लागेको थाहा पाएमा प्रहरीलाई सूचना दिने, जनप्रतिनिधिलाई जानकारी गराउने र कानुनी कारबाहीको दायरामा ल्याउन सघाउने घोषणापत्रमा उल्लेख छ। महिनावारी हुँदा प्रयोग गर्ने प्याड विसर्जनका लागि सबै विद्यालयमा इन्सिलेटरको व्यवस्थापन गर्न माग गरेको सम्मेलनमा सहभागीले आराम कक्षको व्यवस्था गर्न स्थानीय तह र विद्यालयलाई अनुरोध गरेका छन्। किशोरीमाथि हुने यौनशोषण, हिंसा, बलात्कार अन्त्य, सुरक्षाको सुनिश्चितता र त्यस्ता घटनामा संलग्नलाई कानुनी कारबाहीको माग पनि सो घोषणापत्रमार्फत् गरिएको छ। महिनावारीलाई प्राकृतिक प्रक्रियाको रूपमा लिन आग्रह गर्दै त्यो अवस्थामा अध्यारो कोठामा थुन्ने, घरबाट बाहिर निस्कन नदिने, मिठो मसिनो खान नदिने अनि यसलाई अन्धविश्वासका रूपमा लिने काम बन्द गर्न सो घोषणापत्रमा माग गरिएको छ।

सम्मेलनमा सहभागीले बालबिबाह नियन्त्रणमा सरकारी निकायबाट सहयोग नपाएको, सामाजिक हिसाबले दबाब आउने गरेको तथा महिनावारीको समयमा विद्यालयमा उचित वातावरण नुहँदा घरमै बस्न बाध्य भएको, यौन दुरव्यवहार भएको बताएका थिए।

नेपाल र अमेरिकाबीचको खेल बराबरीमा सकियो

रासस
काठमाडौं, २९ जेठ

आइसीसी पुरुष विश्वकप क्रिकेट लिग दुई त्रिकोणात्मक एक दिवसीय सिरिजअन्तर्गत नेपाल र अमेरिकाबीचको खेल बराबरीमा सकिएको छ।

अमेरिकाको मुसा क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपाल र अमेरिकाले बराबरी खेल्दै एक एक अङ्क बाँडेका छन्। नेपालले दिएको २७५ रनको विजयी लक्ष्य पछ्याएको अमेरिकाले निर्धारित ५० ओभरमा ६ विकेट गुमाएर १७४ रनको योगफल बनाएपछि खेल बराबरीमा सकिएको हो।

अमेरिकाका लागि स्टेभेन टेलरले ११४ रनको शतकीय इनिङ खेले। यस्तै कप्तान मोनान्क पटेलले ८५ रनको अर्धशतकीय इनिङ खेल्दा आरोन जोन्सले २६ रन बनाए। सुशान्त मोदानी १७ तथा राहुल जरिवाला १० रन जोडे।

'सफल दही एकदम सहि'

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

सुजल डेरीको उत्कृष्ट उत्पादन सफल दही विगत १८ वर्ष देखि पोखरा र आसपासको ठाउँमा लोकप्रिय रहेको छ।

सफल दही गाई तथा भैंसीको दूधलाई उच्चकोटिको प्रविधिद्वारा प्रोसेसिङ्ग गरी गुणस्तरीय ल्याक्टिक कल्चर प्रयोग गरिएको बाक्लो र मलायदार दही रहेकाले खाँदा मिठो र स्वास्थ्यको लागि फाइदा जनक रहेको कारण परिवारको नियमित खानामा सफल दही प्रयोग गरेको सफल दहीले जनाएको छ।

सफल दही एकदम सही
सफल
Safal
3 Vital
PROTEIN
CALCIUM
VITAMINS

सफल दही स्वास्थ्यका लागि अत्यावश्यक गुणहरूले भरिपूर्ण भएकाले हुर्किँदै गरेको बालबालिका देखि युवा, वयस्क र वृद्ध-वृद्धालाई समेत गुणकारी भएको पाइन्छ। यसमा भएको क्याल्सियले हड्डी बलियो बनाउँछ, प्रोटिनले शारीरिक तन्दुरुस्ती ल्याउँछ भने भिटामिन ले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।

विभिन्न चाडबाडमा अत्यावश्यक परिकार मध्येको एक दही हाम्रो समाजको अभिन्न अङ्गको रूपमा रही आएको छ। आफ्नो गुणस्तरका लागि अत्याधिक रुचाइएको सफल दही होटल तथा रेष्टुराँमा विभिन्न स्वादिष्ट खानाहरु बनाउनका लागि पनि एकदमै प्रयोग गरेको पाईन्छ।

पवित्र सहकारीको रक्तदानमा ३५ युनिट संकलन

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पवित्र वचत तथा ऋण सहकारी संस्था लि.ले आफ्नो वार्षिक सामाजिक उत्तरदायित्व अर्न्तगत आईतबार रक्तदान कार्यक्रम गरेको छ। पोखरा-२६, कालिकाचोक स्थित कंधनीडाँडा भाट समाज भवनमा आयोजित उक्त कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन्। कार्यक्रमका प्रमुख अतिथि संस्थाका सल्लाहकार संयोजक तथा अन्तराष्ट्रिय एथलेटिक्स खेलाडी खड्गबहादुर रानाभाटले पहिलो रक्तदाता वसन्त वज्जराभाटलाई ब्लड व्याग हस्तान्तरण गरी कार्यक्रम उद्घाटन गर्नुभएको थियो। उहाँले रक्तदान जस्तो अरु कुनै पुण्य काम नभएको भन्दै नियमित रक्तदानले व्यक्ति निरोगी हुने वताउनु भयो। सो अवसरमा सहकारीका अध्यक्ष बुद्धिबहादुर रानाभाटले संस्थाले हरेक वर्ष रक्तदान गर्दै आएको वताउँदै कार्यक्रम सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो।

प्रमुख अतिथि खड्गबहादुर रानाभाट तथा संस्थाका अध्यक्ष बुद्धिबहादुर रानाभाटले रक्तदान दातालाई प्रमाण पत्र तथा क्षेत्रिय रक्त संचार केन्द्रका प्रतिनिधिलाई मायाको चिनो प्रदान गरेका थिए। कार्यक्रममा पोखरा-२६ का वडा अध्यक्ष नरेन्द्र थापा, सहकारीका निर्वतमान अध्यक्ष शिवबहादुर रानाभाट, भाट समाज गण्डकी प्रदेश अध्यक्ष चन्द्रबहादुर रानाभाट, सत्यता बचत तथा ऋण सहकारीका अध्यक्ष तथा पोखरा २६ का निर्वतमान वडा सदस्य खड्कबहादुर रानाभाट, भाट समाज कास्कीका अध्यक्ष सुर्यबहादुर रानाभाट, पुर्व अध्यक्ष रमेशबहादुर रानाभाट, जग्गादाता वसन्त वज्जराभाट र माछापुच्छे गाउँपालिका वडा नं. ४ की वडा सदस्य गंगा रानाभाटले शुभकामना व्यक्त गरेका थिए।

सहकारीका अध्यक्ष बुद्धिबहादुर रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत ऋण लगानी संयोजक यामबहादुर रानाभाटले र संचालन सचिव तथा कार्यक्रम संयोजक चन्द्र रानाभाटले गर्नुभएको थियो।

फिस्टेलमा विद्यार्थी परिषद् सपथ ग्रहण कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पोखरा-१७ विरौटामा अवस्थित फिस्टेल एकेडेमीले जेठ-१९ गते निर्वाचन मार्फत चुनिएका विद्यार्थी परिषद्का पदाधिकारीहरुलाई आइतबार भव्य समारोह बिच सपथ ग्रहण गराएको छ।

विद्यालयका संस्थापक निर्देशक चिनु रानाभाटको अध्यक्षतासँगै नेपाली सेनाका सहायक रथी सुदर्शन सिलवालको प्रमुख आतिथ्यतामा विद्यालय प्राङ्गणमा भएको कार्यक्रममा अभिभावकहरुको समेत उपस्थिति रहेको थियो।

प्रमुख अतिथिको आशनबाट बोल्दै नेपाली सेनाका सहायक रथी सुदर्शन सिलवालले मानव हुनुका नाताले समाजमा विशेष योगदान दिन लाग्नुपर्ने, साथै असल नेतृत्व समाजका हरेक क्षेत्रमा आवश्यक र महत्वपूर्ण रहेको जनाउँदै फिस्टेलले त्यो असल नेतृत्व उत्पादनका लागि विद्यार्थीको सर्वाङ्गीर्ण विकासका लागि उदाहरणीय कदम चालेको प्रति खुसी प्रकट गरे। विद्यालयका संस्थापक निर्देशक तथा कार्यक्रमका सभाध्यक्ष चिनु रानाभाटले विद्यार्थीहरुको हरेक किसिमका सिकाइ उपलब्धी हाँसिल गराउन विद्यालयले कुनै कुराको कमी हुन नदिने प्रतिबद्धता जनाउँदै फिस्टेलमा के छ भन्नुभन्दा पनि के छैन भनेर खोज्न आवश्यक रहेको भन्दै यसलाई नेपालकै उत्कृष्ट शैक्षिक गन्तव्य बनाउन आफूहरु लागि परेको स्पष्ट पारे। विद्यालयका प्रिन्सिपल डा. त्रिदीव उपाध्यायले विद्यालयप्रति अभिभावकको आशा र विश्वास डग्न नदिने वचन दिए।

विद्यालयको विद्यार्थी परिषद् २०७९ समूहमा हेड गर्लमा प्रनिशा तुलाचन, असिस्टेन हेड गर्ल-ऋजा श्रेष्ठ हेड ब्वाइमा अशिम गुरुङ, असिस्टेन हेड ब्वाइ-शुभ्रत थापा, सांस्कृतिक समूह प्रमुखमा छात्र आयुश रानाभाट, छात्रा साइरिन गुरुङ, प्रेक्षा रानाभाट, खेलकुद प्रमुखमा छात्रा प्राश्ना गुरुङ, छात्र अभय भण्डारीले सपथ लिए भने गार्नेट हाउसमा लिसा थापा र मनस्वी गुरुङ, सेट्रिन हाउसमा सिम्रन पौडेल र योजना क्षेत्री, एम्रल्ड हाउसमा अभिषेक क्षेत्री र सजना पोखेल अनि सफायर्ड हाउसमा कुशुम रानामगर र केश्विनी शर्माले सपथ लिए। कार्यक्रममा प्रिफेक्ट र क्लास रिप्रिजेन्टेटिभहरुले समेत सपथ लिए।

सपथ समारोहमा मार्चपास, झन्डोत्तोलनसँगै विद्यार्थी परिषद्का प्रमुखसहित सदस्यहरुलाई कार्यक्रमका प्रमुख अतिथि, सभाध्यक्षसँगै विद्यालयकी सहसंस्थापक अञ्जु बस्नेत रानाभाटले व्याज प्रदान गर्दै बधाई दिए। विद्यार्थीहरुले स्वागत गीत, नृत्य प्रस्तुत गरेको सो कार्यक्रमको सञ्चालन तहगत प्रमुख पल्लव ठाकुर, कमल लामिछाने, मीनाक्षी गुरुङले गरेका थिए भने धन्यवाद मन्तव्य पूर्वप्राथि प्रमुख प्रियङ्का सेठियाले गरेको जानकारी विद्यालयका नेपाली विभाग तथा सञ्चार संयोजक गोपाल खनालले दिए।

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०९ स्थित बास्तोलाथर मार्गमा निर्माणाधिन बास्तोलाथर मार्ग बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः बास्तोलाथर मार्ग बाटो ढलान
स्थानः पोखरा-९, बास्तोलाथर
योजना सम्झौता मिति : २०७८/१२/२९ गते
योजना सुरु भएको मिति : २०७८/१२/२९ गते
योजना सम्पन्न हुने मितिः २०७९/०३/१० गते
योजनाको कुल लागत : रु. ४७,१२,५३८.३८।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.३७,७०,०००।-
उपभोक्ताबाट संकलित रकम : रु.९,२४,५३८.३८।-
उपभोक्ता समिति अध्यक्षः गोपाल प्रसाद बास्तोला
उपाध्यक्षः कुमारी मुना बास्तोला सचिवः गणेश प्रसाद कोइराला, कोषाध्यक्षः अम्बिका कोइराला
सदस्यहरुः भरत कोइराला, बसन्त प्रसाद कोइराला, मनोज सापकोटा, शान्ति बास्तोला, रामजी प्रसाद बास्तोला
अनुगमन समिति संयोजकः पुष्पराज बास्तोला
सदस्यः रामराज लामिछाने, गिता नेपाली

बास्तोलाथर मार्ग बाटो ढलान उपभोक्ता समिति
पोखरा-०९, बास्तोलाथर

आम्दानी तथा खर्च विवरण

पतञ्जलि योग समिति कास्कीको आयोजनामा २०७९ जेठ २३ गतेदेखि २७ गतेसम्म संचालन भएको ५ दिने बृहत निःशुल्क योग बिज्ञान शिविरमा सहयोग गर्नुहुने दाताहरुको नामावली यस प्रकार छ ।

क्र.सं.	रसिद नं.	नाम	ठेगाना	रकम
१	१०१	सविता पौडेल	पोखरा - १६	५००।-
२	१०२	दुर्गा थापा	पोखरा - १६	१,१००।-
३	१०३	नरनाथ भट्टराई	पोखरा - १६	५००।-
४	१०४	सुन्दर थापा	पोखरा - १६	५००।-
५	१०५	तारा अधिकारी	पोखरा - १६	५००।-
६	१०६	बिना के.सी.	पोखरा - १६	५००।-
७	१०७	लक्ष्मी कुमारी पौडेल	पोखरा - १६	५००।-
८	१०८	शारदा बराल तिमिल्सिना	पोखरा - १६	५००।-
९	१०९	हिमालय योग केन्द्र	पोखरा - १६	३,५०५।-
१०	११०	बिष्णु बहादुर भट्टराई	अध्यक्ष वडा नं. ६	११,०००। -
११	१११	बिष्णु ज्वारचन	बास्तोलाथर	२,०००।-
१२	११२	ज्ञानु पन्नाचन	दरबारथोक	२,०००।-
१३	११३	अनिता पन्थी	गैह्रापाटन	५००।-
१४	११४	माधुरी अग्रहरी	गैह्रापाटन	५५०।-
१५	११५	अजय गुप्ता	गैह्रापाटन	७०५।-
१६	११६	अनुराग अधिकारी	फूलबारी	५००।-
१७	११७	बसुन्धरा महर्जन	गैह्रापाटन	१,०००। -
१८	११८	पुन नारायण महर्जन	गैह्रापाटन	१,०००। -
१९	११९	राधा परियार	गैह्रापाटन	१,०००। -
२०	१२०	सानु रोका मगर	गैह्रापाटन	५००।-
२१	१२१	निलम शाह	गैह्रापाटन	१,०००।-
२२	१२२	लक्ष्मी पुन	न्यूरोड	१,०००।-
२३	१२३	आमोल डेरी	गैह्रापाटन	५०५।-
२४	१२४	ईन्द्र बहादुर गुरुङ	गैह्रापाटन	५,०००।-
२५	१२५	मनु गोदार	गैह्रापाटन	५१०।-
२६	१२६	सीता गोदार	गैह्रापाटन	३५०।-
२७	१२७	महेश्वरी श्रेष्ठ	गैह्रापाटन	१,०००।-
२८	१२८	गौरी श्रेष्ठ	गैह्रापाटन	१,०००।-
२९	१२९	ज्ञानु ताम्राकार	गैह्रापाटन	१,०००।-
३०	१३०	बिन्दु विश्वकर्मा	मोहरिया टोल	१,०००।-
३१	१३१	कृष्ण लक्ष्मी श्रेष्ठ	गैह्रापाटन	५००।-
३२	१३२	जमुना गोदार	नदीपुर	५००।-
३३	१३३	शुशिला पौडेल	फूलबारी	५००।-
३४	१३४	उमा उप्रेती	फूलबारी	५००।-
३५	१३५	सीता सुवेदी	फूलबारी	५००।-
३६	१३६	शान्ति देवकोटा	फूलबारी	५००।-
३७	१३७	लक्ष्मी पुन	फूलबारी	५००।-
३८	१३८	शान्ति द्वा	फूलबारी	५००।-
३९	१३९	सीता ताम्राकार	तेर्सापट्टी	५००।-
४०	१४०	राधा अधिकारी	गैह्रापाटन	५००।-
४१	१४१	ईशा बानिया	नदीपुर	५००।-
४२	१४२	सन्तमाया ताम्रकार	नदीपुर	५००।-
४३	१४३	सुमन दवाडी	गैह्रापाटन	५००।-
४४	१४४	राजेन्द्र शंकर पालिखे	पालिखेचोक	१,०००।-
४५	१४५	बाबुलाल बि.क.	औद्योगिक क्षेत्र	२००।-
४६	१४६	मन्जु कार्की	बिरौटा	५२५।-
४७	१४७	जगन गुरुङ	नयाबजार	५००।-
४८	१४८	धर्म गिरी	पोखरा-८	२००।-
४९	१४९	गणेश बहादुर थापा	पोखरा-७	१५०।-
५०	१५०	हवन कार्यबाट		१,७४०।-
५१	२०१	लालु प्रसाद उपाध्याय	बिरौटा	८००।-
५२	२०२	षेशकान्त ढकाल	बिरौटा	५००।-
५३	२०३	विमला रेग्मी	बिरौटा	१०५। -
५४	२०४	उदय राज अधिकारी	बिरौटा	५००।-
५५	२०५	राजु पौडेल	बिरौटा	२०५।-
५६	२०६	पवित्रमणी पोखरेल	बिरौटा	५००।-
५७	२०७	राम मन्दिर योग केन्द्र	बिरौटा	२२,४०५।-
५८	२०८	म्याजिक ट्रेडर्स	नागढुङ्गा	२,०००।-
५९	२०९	आर एण्ड आर ट्रेडर्स	नागढुङ्गा	२,०००।-
६०	२१०	अस्मिता ट्रेड कन्सर्न	पृथ्वीचोक	१,०००।-
६१	२११	बिरेन्द्र सुनार	पोखरा-८	१,०००।-
६२	२१२	पशुपति भेटनरी	पोखरा-८	५००।-
६३	२१३	पाठक बुक्स एण्ड स्टेसनरी	सभागृह	१,००५।-
६४	२१४	त्रिशक्ति योग केन्द्र	सिमलचौर	५,००५।-
६५	२१५	प्रमिला बाटाजु		२००।-
६६	२१६	सपना सिग्देल		१००।-
६७	२१७	श्री कृष्ण मन्दिर योग केन्द्र	राम बजार	१०,०००।-
७८	२१८	केदारनाथ अधिकारी	रामबजार	५,०००।-
७९	२१९	झंकनाथ पौडेल	पोखरा-१७	३,०००।-
७०	२२०	कृष्ण ढुङगाना	पोखरा-१४	४,५००।-
७१	२२१	केदारेश्वर योग केन्द्र	बैदाम	७,२०५।-
७२	२२२	श्री प्रसाद गुरुङ	पोखरा-१३	५००।-
७३	२२३	खिमा गुरुङ	पोखरा-९	१,५००।-
७४	२२४	सागर अटो पार्टस	नयाबजार	४००।-
७५	२२५	दिपक/साबित्री घिमिरे	पोखरा-८	५०५।-
७६	२२६	यमलाल उपाध्याय	नयाबजार	१,०००।-
७७	२२७	पुश्करेश्वर योग केन्द्र	मासबार	५,०५५।-
७८	२२८	विष्णु पराजुली	मासबार	१,०००।-
७९	२२९	राम मोहन आचार्य	अध्यक्ष वडा नं. ७	५,१००।-
८०	२३०	गोपी तुलाचन	नागढुङ्गा	२,०००।-
८१	२३१	ठाकुर प्रसाद काफ्ले	नागढुङ्गा	५०५।-
८२	२३२	ध्रुब श्रेष्ठ	बसपार्क	२०५।-
८३	२३३	केदारनाथ भट्टराई	बसपार्क	२,०००।-
८४	२३४	सनि डंगोल	बसपार्क	१,०००।-
८५	२३५	युगेनदेवी पालिखे	चिप्लेढुङ्गा	३,०००।-
८६	२३६	विना सुनार	महेन्द्रपुल	५,००५।-
८७	२३७	विष्णु माया श्रेष्ठ	पृथ्वीचोक	५,००५।-
८८	२३८	डिल बहादुर/पंच कुमारी गुरुङ	बगालेटोल	२०,००५।-
८९	२३९	हिराकाजी श्रेष्ठ	वडा सदस्य वडा नं. ८	२,०००।-
९०	२४०	पतंजलि सेवा केन्द्र	सिमलचौर	५,०००।-
९१	२४१	सुरज श्रेष्ठ	बिन्दवासिनी	११,१११।-
९२	२४२	प्रेम कर्माचार्य	अध्यक्ष वडा नं. ११	१०,०००।-
९३	२४३	राम मन्दिर योग केन्द्र	नयाबजार	१०,५००।-
९४	२४४	गीता सुनार	चाउथे	१,००५।-
९५	२४५	हिरा घले	नयाबजार	२,०००।-
९६	२४६	विकाश शंकर पालिखे	पालिखे चोक	२,०००।-
९७	२४७	सुरेन्द्र ताम्राकार	पालिखे चोक	१,०००।-
९८	२४८	भाष्कर उपाध्याय	बास्तोलाथर	३,००५।-
९९	२४९	शम्भु मोटरसाईकल रिपेयरिङ्ग सेन्टर	नयाँबजार	५,१००।-
१००	२५०	कल्पना क्षेत्री	पोखरा-५	१,०००।-
१०१	२५१	गोबिन्द प्रसाद पराजुली	पोखरा-५	५००।-
१०२	२५२	चार भंज्याङ समाज तमु समाज	नयाँबजार	३०,०००।-
१०३	२५३	मिना शर्मा	मासबार	१,१००।-
१०४	२५४	शोभा श्रेष्ठ	जाल्पारोड	५००।-
१०५	२५५	पतंजलि योग जिल्ला,महिला, नगर समिति	कास्की	२३,९००।-
१०६	२५६	भावना श्रेष्ठ	पोखरा-५	५,००५।-
१०७	२५७	परमानन्द भण्डारी	लेखनाथ	५००।-
१०८	२५८	शम्भु सिद्वी सप्लायर्स	पोखरा-५	२,१०५।-
१०९	२५९	हवाईट हाउस योग केन्द्र	सिमलचौर	५,१००।-
११०	२६०	सुरेश ढुङगाना	पोखरा-१४	२,०००।-
१११	२६१	दिपेन्द्र मर्सानी	वडा अध्यक्ष वडा नं ९	५,०००।-
११२	२६२	लक्ष्मी पाहारी	वडा सदस्य वडा नं ९	३,०००।-
११३	२६३	शोभा भगवती योग साधना केन्द्र	पोखरा-११	५,०५५।-
११४	२७६	राधाकृष्ण योग केन्द्र	फिर्के	५,५००।-
११५	२७७	शोभा श्रेष्ठ	फिर्के	१,०००।-
११६	२७८	शान्ति लालचन	फिर्के	१,०००।-
११७	२७९	लिला मुल्मी	फिर्के	१,००५।-
११८	२८०	कृष्ण प्रसाद आचार्य	फिर्के	५००।-
११९	२८१	सरस्वती श्रेष्ठ	फिर्के	१,००५।-
१२०	२८२	जमुना थापा	फिर्के	१,००५।-
१२१	२८३	गीता आचार्य	फिर्के	५०५।-
१२२	२८४	प्रेम बहादुर जि.सी.	फिर्के	१,०००।-
१२३	२८५	रामजी प्रसाद बराल	फिर्के	१,०००।-
१२४	२८६	दिपक राज सिग्देल	फिर्के	५,०००।-
१२५	२८७	विष्णु प्रसाद तिमिल्सिना	फिर्के	५००।-
१२६	२८८	शुसिला गिरी	फिर्के	२००।-
१२७	२८९	तिर्थ प्रसाद आचार्य	फिर्के	५०५।-
१२८	२९०	विष्णु प्रसाद तिवारी	फिर्के	२००।-
१२९	२९१	भूमीराज कुावर	फिर्के	५००।-
१३०	२९२	मिना जोशी	फिर्के	२००।-
१३१	२९३	शोभा कुमार श्रेष्ठ	फिर्के	५००।-
१३२	२९४	विजय ढकाल	फिर्के	१,०००। -
१३३	२९५	कल्पना सिग्देल	फिर्के	१,०००। -
१३४	२९६	लक्ष्मण पौडेल	फिर्के	१,१००। -
१३५	२९७	शोभा श्रेष्ठ	फिर्के	१,००५। -
१३६	२९८	दरबारथोक योग केन्द्र	दरबारथोक	२०,१००।-
१३७	२९९	रन बहादुर विश्वकर्मा	नयागााउ	३,०००।-
१३८	३००	विश्वकर्मा योग केन्द्र	नयागााउ	८,०००।-
१३९	३०१	राम मन्दिर योग केन्द्र	नयाबजार	१६,१००।-
१४०	३०२	राजेन्द्र पाहारी	शान्तिवन	२,१०५।-
१४१	३०३	राम कुमार श्रेष्ठ	शान्तिवन	५,०००।-
१४२	३०४	नेवा मिसः पूच	नयाबजार	५,०००।-
१४३	३०५	यमुना श्रेष्ठ	नयाबजार	१,०००।-
१४४	३०६	बैकुण्ठ प्रसाद पौडेल	लेकसाईड	१,०००।-
१४५	३०७	सूर्य मोहन आचार्य	गैह्रापाटन	१,००० -
१४६	३०८	सरस्वती आचार्य	अमरसिंह	५००।-
१४७	३०९	राम प्रसाद अधिकारी	लेकनाथ	५००।-
१४८	३१०	मोहन प्रसाद सापकोटा	लेकनाथ	५००।-
१४९	३११	दिपेन्द्र पोखरेल	महेन्द्रपुल	५००।-
१५०	३१२	टिकाराम अधिकारी	बागमारा	५००।-
१५१	३१३	लोक दर्शन कोईराला	परयाङ	५,०२०।-
१५२	३१४	कृष्ण प्रसाद पौडेल	बिरौटा	५,५००।-
१५३	३१५	डिल्लीरमण पोखरेल	बिरौटा	५,००५।-
१५४	३१६	श्याम बहादुर श्रेष्ठ	नागढुङ्गा	५,०१५।-
१५५	३१७	भगवती रेग्मी शर्मा	राष्ट्रबैंक चोक	५,००५।-
१५६	३१८	उषा गोशली	बिरौटा	२,५००।-
१५७	३१९	गणेश योग केन्द्र	गणेश टोल	५,०१०।-
१५८	३२०	ध्रुव पोखरेल	पालिखेचोक	५००।-
१५९	३२१	ईन्दिरा शर्मा	मतगौडा	१,०००।-
१६०	३२२	विमला लिगल	पोखरा-५	१,०००।-
१६१	३२३	सुरेश श्रेष्ठ	पोखरा-९	२००।-
१६२	३२४	भिमसेन योग केन्द्र	भिमसेन टोल	६,३००।-
१६३	३२५	चिज कुमारी बिजुक्छे	भिमसेन टोल	२००।-
१६४	३२६	नरेन्द्रमान लालचन	पोखरा-९	५,०००
			जम्मा	४,४८,१३२।-

अक्षरुपी चार लाख अट्चालिस हजार एक सय बत्तिस रुपैया मात्र ।

खर्च

क्र.सं.	सरसफाईको सामान खरिद	२,३६५।-
१	सरसफाई कर्मी ज्याला	५,०००।-
२	खाजा	७,८००।-
३	टिसर्ट	१८,०००।-
४	हवन सामान खरिद	१,४००।-
५	माला खरिद	४,४५०।-
६	सजावट फूल	२,६००।-
७	निमन्त्रणा पत्र छपाई	१,२७५।-
८	रिचार्ज कार्ड	५००।-
९	रुद्राक्ष माला	३००।-
१०	स्टेज	२,००,०००।-
११	न्यूज नेपाल टेलिभिजन	५०,०००।-
१२	दक्षिणा	१०,०००।-
१३	पुरस्कार (२ जना)	१०००।-
१४	सल	६,७००।-
१५	मेट्रेस लोड अनलोड	४,०००।-
१६	हल भाडा	५०,०००।-
१७	ब्यानर	१४,१३०।-
	जम्मा	३,७९,५२०।-

अक्षरुपी तीन लाख उनासी हजार पाँच सय बीस रुपैयाँ मात्र